नागरिक
आर्थिक

मंगलबार १५ माघ २०८१, Tuesday, 28 January 2025

बजार

सुन तोला - १६०,१००
चाँदी तोला - १८५०

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१३७.८६	१३८.४६
युरो -	१४४.९३	१४५.५६
पाउण्ड स्टर्लिङ -	१७२.४३	१७३.१८

अमेरिकी सहायता परियोजना रोक्का

काठमाडौं, माघ १४ (नागरिक)- अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि अमेरिकी सहयोग नियोगले प्रदान गर्ने अर्बौंका परियोजना रोक्का भएका छन्। अमेरिकी सहयोग नियोगमार्फत नेपालमा करिब दुई सय बढी परियोजनामा दुई अर्ब ६० करोड अमेरिकी डलर खर्च गर्ने प्रतिबद्धता थियो। सो रकममध्ये केही खर्च भएको छ भने केही परियोजना कार्यान्वयनको चरणमा छन्।

राष्ट्रपति ट्रम्पले संसारभर रिँदै आएको सहयोग अहिले रोक्का गरेर ९० दिनभित्र समीक्षा गर्ने नीति लिएपछि कार्यक्रम सबै रोकिएका हुन्।

अमेरिकी दूतावासले सहयोग रोक्का भएको जानकारी गराएपछि अर्थ मन्त्रालयले पनि युएसएड स्रोततर्फ कुनै दायित्व सिर्जना गर्ने कार्य नगर्न सम्बन्धित निकायलाई पत्राचार गरेको छ। युएसएडले प्रमुख चार वटा आयोजनामा प्राप्त अनुदान सहयोग तत्काल ९० दिनका लागि रोक्का भएको जनाएको छ। युएसएड र नेपाल सरकारबीच २०२२ मे ५ मा हस्ताक्षर भएको डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्टमार्फत नेपाललाई प्राप्त भएको अनुदान सहायतामध्ये बजेट प्रणालीमार्फत सर्वसञ्चित कोषबाट भुक्तानी हुने प्रकृतिका चार आयोजनामा युएसएडले अनुदान रोक्का गरेको हो।

युएसएड स्वास्थ्य, कृषि, शिक्षा र समावेशी नीति सम्बन्धी प्रत्यक्ष वित्तीयकरण परियोजनाका लागि दिइएको अनुदान रोकिएको अर्थ मन्त्रालयले जनाएको छ।

अमेरिकी दूतावासले बहुचर्चित एमसिसी परियोजनाबारे भने केही बोलेको छैन। एमसिसीमा अमेरिकाले सुरुमा ५० करोड डलर र पछि पाँच करोड डलर थप गरेर कुल ५५ करोड डलर सहयोग प्रतिबद्धता जनाएको थियो।

पानी पर्नेबित्तिकै बन्द हुने मेचीको 'जीवन रेखा' सडक

भीम चापागाई

इलाम, माघ १४

गत असोज दोस्रो साताको अविरल झरीपछि मेची पहाडको 'लाइफ लाइन' मेची राजमार्गको राजदुवाली मास्तिरको भाग पहिरोले चुँडाया। झापादेखि इलाम हुँदै पाँचथर र ताप्लेजुङसम्म आउ-जाउ गर्ने सवारीका साधन ठप्प भए। न अर्को भरपर्दो वैकल्पिक सडक थियो, न आउ-जाउको अरू कुनै माध्यम। दसैंको मुखमा मेची राजमार्ग छिरेपछि हजारौं यात्रुले सास्ती पाएका थिए।

यो कसैका लागि नौलो थिएन किनभने अनुमानित र सम्भावित जोखिम थियो। किनभने दशकदेखि कुनवेला दूलो पानी पर्ला र यो सडक बगेर जला भन्ने त्रास सबैजसोलाई थियो। करिब दुई सय मिटर राजमार्गमा दर्जनौं ठाउँ धाँजा फाटेको, बर्सेनि दबिने गरेको र मर्मतमा सात करोड रूपैयाँभन्दा बढी खर्चिँदा पनि सुप्रिम्कुको साटो भन्-भन् बिग्रिरहेको थियो। यतिसम्म हुँदा पनि सडक अड्याउने उपयुक्त प्राविधिक आइडिया फुरेन कसैलाई अर्थात् बेलैमा यसको विकल्प खोजिएन। खोजिएको विकल्प सधैं गुनासो पोखिरहेका उपभोक्तालाई थुम्थुम्याउने 'ललिपप' मात्रै बन्यो।

राजमार्ग चटक्क चुँडिएर साना-ठूला सवारीका साधन मात्र होइन मानिसले पैदल हिँड्नसमेत नपाउने भएपछि मेची राजमार्गको विकल्प भन्दै आधा दर्जन सडक चहारिए। कतिपय वैकल्पिक सडकमा धमाधम एक्सकोभेटर लगाएर गाडी गुडाउने बनाइयो। एकाएक निकालिएका विकल्पमा धेरै सडक तयार बनाइए तर ती कुनै पनि सडक भरपर्दा थिएनन् भयार पानी आउनेबित्तिकै ठप्प भइहाल्ने सडक अर्ल राम्रो भएका ठाउँमा बीचमा खोलो पर्थ्यो, त्यहाँ पुल थिएन। केही दिन राजदुवालीमा दिन-रात मर्मत गरियो। ३० मिटरजति नयाँ ट्याकसमेत खोलेर राजमार्ग एकतर्फी चालु गरियो।

गत असोजको पहिरोले चुँडिएको मेची राजमार्ग। *तस्बिर : भीम/नागरिक*

यसपालि त्यसयता अहिलेसम्म पानी परेको छैन। त्यही स्थानबाट सवारीका साधन पार गरिरहेका छन्। राजमार्ग अवरुद्ध भएका बेला रमिता हेर्ने नेतादेखि कर्मचारी, सरोकारवाला सबै भेला भए। फिल्डमै पुगेका जिल्लाका अगुवा जनप्रतिनिधि र नेताहरूले समेत यो मार्गलाई स्थायी बनाउन वा वैकल्पिक सडक बनाउन सकेसम्म पहल गर्ने प्रतिबद्धतासमेत जनाए। कतिनेता त यसै कारणले 'भाइरल' नै बने तर बर्खा लाग्न आँटिसक्दा न कतैबाट थप बजेट आउन सकेको छ, न त भयार पानी पर्दा इलाममा कताबाट गाडी आउँछ भन्ने प्रश्नको जवाफ छ कसैसँग।

यो ठाउँमा जोखिम कस्तो छ भने अब यो सडक बगेर जान दूलो पानी पर्नु पर्दैन। दर्जनौं धाँजा फाटेको र पहिरोले क्षतविक्षत भइसकेको यो खण्डमा अब सानोतिनो पानी परिसक्दा राजमार्ग नराम्रोसँग क्षति हुने सम्भावना आँखा अघि छ। अब राजदुवालीछेऽमा पुनः पहिरो जाने हो भने मर्मत गर्न पनि निकै जटिल हुने स्वयं इन्जिनियर नै बताइरहेका छन्।

पानी पर्नेबित्तिकै गत असोजकै नियति दोहोरिने पक्काभँ छ। सम्भावित जोखिम टार्न त्यतिबेला खोजिएका वैकल्पिक सडक कुनैले पनि काम दिनेवाला छैनन्। किनभने, वैकल्पिक भनिएका सबै सडक कच्ची छन्, साँघुरा छन्। तीमध्येको फराकिलो सडकको बीचमा खोलो पर्छ, त्यसमा पुल छैन। अब बर्खा लाग्न केही महिना मात्र बाँकी छ। यति दूलो जोखिम सधैं देखेर पनि स्थानीय जनप्रतिनिधि, नेता-कार्यकर्ता, सम्बन्धित सरोकारवाला मौन छन्। चिन्ता छ त स्थानीय उपभोक्तालाई, जसले यो राजमार्ग अवरुद्ध भइहाले सबैभन्दा दूलो सास्ती खेप्नुपर्छ। उनीहरू दिनहुँ सामाजिक सञ्जाल र विभिन्न माध्यमबाट 'अब बर्खामा इलाममा कतैबाट गाडी आउन नसके' चिन्ता व्यक्त गरिरहेका छन्।

इलामका अगुवा गोपाल नेपाल सामाजिक सञ्जालमै नेपाल सरकारका यातायात मन्त्रीलाई सम्बोधन गरी लेख्छन् र इलाम, पाँचथर तथा ताप्लेजुङबाट निर्वाचित सांसदलाई समेत बोधार्थ दिन्छन्- 'बर्खा सुरु हुनासाथ मेची राजमार्गको अवस्था के होला ? बाटो बन्द भएपछि हतार-हतार के-के न गरेजस्तो गरेर सामाजिक सञ्जाल भर्नुभन्दा बेलैमा लागौं। यसलाई तैनो गाई नबनाऔं।'

स्थानीय उपभोक्ता सोम बानियाँ भन्छन्, 'अब एक भर पानी परिसक्दा झापा र इलामको यातायात सम्बन्ध टुट्छ, यतातिर कसैको ध्यान गएको देखिँदैन। नेतालाई त जतिबेला पानि सस्ता कसको हातमा पर्छ भन्ने मात्रै चिन्ता देखिन्छ।'

अर्का उपभोक्ता रोहन राई मेची राजमार्गको स्थायी विकल्प नखोजे इलाम, पाँचथर र ताप्लेजुङका उपभोक्ताले सधैं दुःख पाउने बताउँछन्। 'हाम्रो नाइगो आँखाले देख्दा राजदुवाली क्षेत्रमा पर्ने मेची राजमार्गको दुई सय मिटरजति खण्ड अर्बौं रकम खर्च गर्दा पनि काम दिँदैन,' उनी भन्छन्, 'तर किन काम नलाग्ने, कहिल्यै सुधार्न नसकिने ठाउँमा सरकार करोडौं रूपैयाँ मर्मतका नाममा बगाइरहेको छ? प्राविधिकका आँखा किन यसैमा बजेट बगाउन मात्रै खोजिरहेका छन्? नेता र सडक कार्यालयले चाहेको भए अहिलेसम्म यहाँ भएको खर्चले अर्को वैकल्पिक सडक नै बनिसक्थ्यो।'

बेलैमा उपयुक्त विकल्प नखोज्ने हो भने मेची पहाड केही समयपछि यातायात सम्पर्कविहीन बन्दैछ। उपयुक्त उपायसहित मेची राजमार्ग मर्मत गर्नुपर्छ नभए यथाशीघ्र वैकल्पिक सडकलाई बाह्रैमास सानो र दूलो सवारी साधन चल्ने बनाउनुपर्छ। यी दुवै उपाय पुनः सडक अवरुद्ध नहुँदासम्म निष्फयैमा पुगे सम्भावना देखिएको छैन । बर्खा लाग्न आँटिसक्दा सरकारी प्रक्रिया पूरा गर्दागर्दै पुनः राजमार्ग क्षतविक्षत हुने खतरा त्यत्तिकै छ। कार्यान्वयनकर्ता सरकारी निकाय कहिले नेता (सरकार) ले बजेट पठाइदेलान् भनेर पर्खिरहेका छन्, नेताहरू सरकारी कार्यालयतिर औंला सोझ्याउँदैछन्।

राजमार्ग मर्मतको प्राविधिक काम गर्ने डिभिजन सडक कार्यालयलाई पनि थाहा छ- अब पानी परिसक्दा मेची राजमार्ग असोजकोभन्दा बढी क्षति हुनेछ। डिभिजन प्रमुख पवन भट्टाई मेची राजमार्ग मर्मत र सम्भावित जोखिमबाट बच्न वैकल्पिक सडकका लागि बजेट व्यवस्था गर्नुपर्ने बताउँछन्। 'हामीले मेची राजमार्ग वैकल्पिक सडक मर्मत गर्न सबै लागत एस्टिमेट तयार गरी सडक विभागमा पेस गरिसकेका छौं,' उनले भने, 'समयमै फुदो बजेट आउने हो भने काम गर्न सकिन्छ, नत्र आउँदो बर्खामा मेची राजमार्ग अवरुद्ध हुने सम्भावना धेरै नै छ। हामीलाई समेत त्रास छ।'

प्रमुख भट्टाई भलिकएको भएपनि मेची राजमार्गलाई अहिले नै छाडिहाल्ने अवस्था नरहेको बताउँछन्। 'राजदुवालीमा मेची राजमार्ग निकै जोखिमपूर्ण छ,' उनी भन्छन्, 'तर राजमार्ग सारिहाल्ने अवस्था छैन। हामीले सार्न पनि सक्दैनौं, मन्त्रीपरिषद्कै निर्णय चाहिन्छ। यसैलाई मर्मत पनि गर्दै गर्नुपर्छ, वैकल्पिक पनि बनाउनुपर्छ भनेर लागिरहेका छौं।'

मेची राजमार्गको राजदुवालीका लागि वैकल्पिक सडक धेरै छन् तर कतै बजेट अभावले मर्मत रोकिएका छन्, कतै लागेको ठेकाको काम ज्यादै सुस्त गतिमा छ। दुवै सवारी साधनसमेत चल्नसक्ने केचना-कञ्चनजंघा मार्गमा कालोपत्रेसमका ठेकाका लागेका छन् तर काम कछुवा गतिमा चलिरहेको छ। कतिसम्म भने नेता र जनप्रतिनिधि नै प्रत्यक्ष संलग्न भएका निर्माण कम्पनीले जिम्मा लिएको ठेकाको म्याद पटक-पटक सर्किंदा पनि ४० प्रतिशतभन्दा बढी भौतिक प्रगति हुन सकेको छैन।

त्यतिमात्र होइन, यही मार्गको बीचमा पर्ने पुवाखोलामा पुल छैन। पुल कहिले बन्ला भन्नेसम्म कसैलाई थाहा छैन। पुल नहुँदा बर्खामा गाडी पार हुने अवस्था रहँदैन। पूलका लागि तीन करोड ६० लाख रूपैयाँको लगत एस्टिमेट डिभिजनले सडक विभागमा पेस गरिसकेको छ तर अझै बजेटको टुंगो छैन। वैकल्पिक भनिएको सिमल गोलाई-माइबेनी-तिल्केनी मार्ग १२ किलोमिटरको छ। सडक साँघुरो भएकाले दूलो सवारी साधन चल्ने अवस्था छैन। बीचमा पर्ने जोगमाई खोलामा पुल पनि छैन। चालु वर्ष संघीय सरकारले यो वैकल्पिक सडकलाई एक करोड रूपैयाँ विनियोजन गरेको छ। अहिले कामका लागि ठेक्का पनि लागेको छ तर यो सडकका लागि विनियोजित रकम 'कनिका'भँ अपुग छ।

'बाटो साँघुरो छ, साँघुरो स्थानमा दुई सवारी साधन साइड लाग्ने, विभिन्न स्थानमा ताराजली, पर्वाल, माटो कटिइलगायत काम गर्न ठेक्का लागेको छ,' डिभिजन प्रमुख भट्टाईले भने, 'यो सडक अलि भरपर्दो बनाउन कम्तीमा ६ करोड रूपैयाँ लाछ, कार्यालयले विभागमा प्रस्ताव पठाएको छ तर हाम्रो फाइल विभागमा कता अल्झिएको छ भन्ने पत्तो छैन।' यही सडकको जोगमाई खोलामा पुल हाल्न पनि डिभिजनले लगत स्टिमेट पठाइसकेको छ। 'पुवाखोलामा बेवारिसे भइरहेको बेली ब्रिज यहाँ जडान गर्ने योजना छ तर तीन करोड रूपैयाँजति खर्च हुने अनुमान छ,' उनले भने, 'तर यो कार्यक्रम पनि आइसकेको छैन।'

मेची राजमार्गको राजदुवाली खण्डमा केही समयअघि भौगर्भिक अध्ययनसमेत भएको थियो । जमिनभित्रबाट पानी बग्रिरहेकाले होक वर्ष जमिन दबिएर जाने समस्या रहेको अध्ययनले देखाएको थियो। 'अब नयाँ प्रविधिअनुसार यो राजमार्ग मर्मत गर्न करिब पाँच करोड रूपैयाँको बजेट अनुमान गरेका छौं,' प्रमुख भट्टाईले भने, 'डा. मधुसुदन आचार्य नेतृत्वको विज्ञ टोलीले पुनः यो स्थानको स्थलगत अवलोकन पनि गरिसकेको छ। अब कहिले यसले निष्कर्ष पाउला भन्ने चाहिँ थकिन छैन।'

Dakshinkali Municipality
Office of Municipal Executive
Pharping, Kathmandu, Bagamati Province, Nepal

Invitation for Electronic Bids

First Date of Publication: 2081-10-15

Dakshinkali Municipality, Office of Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the Procurement of Construction works in Dakshinkali Municipality under National Competitive Bidding(NCB) procedures. For further information visit the public procurement website www.bolpatra.gov.np/egp and the Municipal office website www.dakshinkalimun.gov.np

Contract No./ID	Description of Works	Total Estimated Amt. (Exclusive of VAT and Contingencies)NRs.	Bid Security Amt.(NRs.)	Bid Validity Period	Bid Document Fee (NRs.)	Remarks
DM/NCB/WORKS/ 2081-082/07	Bansbari Park Nirman Dakshinkali-04	77,61,491.06/-	230000/-	90 days	3000/-	

-Chief Administrative Officer

ग्लोबल आइएमई बैंक लिमिटेडको
तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/१०/१५ गतेको नागरिक दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिएका सापै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न बाकिं व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सूचना यापत लाग्ने खेर्चा धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

बुटवल मुख्य शाखा, रुपन्देही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. २८४२७/०७७ अनतर्गत मिति २०७७/०७/०२ मा दर्ता कायम भएको **वैद्याय बानाजी हार्डवेयर्स** फर्म दर्ता ठेगाना : तिलोत्तमा न.पा.-१, रुपन्देही स्थायी लेखा नं. ६१४०९३४४३ मिति २०७७/०७/०५ **प्रोप्राइटर: बबिता पौडेल** **कर्जा शिर्षक: ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**बबिता पौडेल** ना.प्र.नं. २७३००१/८५ जारी मितिः २०७०/०२/२५ जि.प्र.का. रुपन्देही बाबुको नामः कृष्ण प्रसाद पौडेल पतिको नामः कृष्ण भट्टराई ससुराको नामः धानेश्वर भट्टराई स्थायी ठेगानाः मकहर-५, रुपन्देही हालको ठेगानाः तिलोत्तमा न.पा.-३, रुपन्देही	**कृष्ण भट्टराई** ना.प्र.नं. ३९१०५७/२९२ जारी मितिः २०९७/१०/१९ जि.प्र.का. पाल्पा बाबुको नामः धानेश्वर भट्टराई बाजेको नामः यमलाल भट्टराई स्थायी ठेगानाः रुपे-३, पाल्पा हालको ठेगानाः तिलोत्तमा न.पा.-३, रुपन्देही

व्यक्तिगत जमानत दिनेको विवरण		
यमकला भट्टराई ना.प्र.नं. ३९१०५७/७५८, जारी मितिः २०६८/१२/२१ जि.प्र.का. पाल्पा बाबुको नामः बालकृष्ण पाण्डे पतिको नामः धानेश्वर भट्टराई ससुराको नामः यमलाल भट्टराई स्थायी ठेगानाः रुपे-३, पाल्पा हालको ठेगानाः तिलोत्तमा न.पा.-३, रुपन्देही	**नारायण भट्टराई** ना.प्र.नं. ३९१०५७/७४८ जारी मितिः २०६८/१०/२९ जि.प्र.का. पाल्पा बाबुको नामः धानेश्वर भट्टराई बाजेको नामः यमलाल भट्टराई स्थायी ठेगानाः रुपे-३, पाल्पा हालको ठेगानाः तिलोत्तमा न.पा.-३, रुपन्देही	**धानेश्वर भट्टराई** ना.प्र.नं. ३७५६६, जारी मितिः २०४८/१२/१९ जि.प्र.का. पाल्पा बाबुको नामः यमलाल भट्टराई बाजेको नामः चुराममी भट्टराई स्थायी ठेगानाः रुपे-३, पाल्पा हालको ठेगानाः तिलोत्तमा न.पा.-३, रुपन्देही

ऋणीको विवरण
२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता.नं. २५१५१७/०७७/०७८ अनतर्गत मिति २०७७/०९/१४ मा दर्ता कायम भएको **लालिगुराँस बाइण्डलाइफ एण्ड एग्रो फार्म प्रा.लि.** कम्पनी दर्ता ठेगानाः रिष्किकोट गा.पा.-४, ढेकुलडाडा, पाल्पा स्थायी लेखा नं. ६०९८९२१९ मिति २०७७/०९/१५ **संचालकहरु: सागर रायमाझी, महर्षि खनाल र विनेश कार्की** **कर्जा शिर्षक: ओभरड्राफ्ट तथा आवधिक कर्जा**

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण		
महर्षि खनाल ना.प्र.नं. १७०९१७०/४१४८ जारी मितिः २०७०/०४/०१, जि.प्र.का. रुपन्देही बाबुको नामः लक्ष्मी कान्त खनाल बाजेको नामः देवी प्रसाद खनाल स्थायी ठेगानाः मकहर-४, रुपन्देही	**विनेश कार्की** ना.प्र.नं. ३९१०२७/२०१ जारी मितिः २०६५/०८/१५ जि.प्र.का. पाल्पा बाबुको नामः चिन्त बहादुर के.सी बाजेको नामः दान बहादुर कार्की स्थायी ठेगानाः तेल्पा-७, पाल्पा	**सागर रायमाझी** ना.प्र.नं. ३५०१७१-०४७३२ जारी मितिः २००१/०५/३१ जि.प्र.का. पाल्पा बाबुको नामः राजेन्द्र सिं रायमाझी बाजेको नामः धुमान सिं रायमाझी स्थायी ठेगानाः भेरवस्थान-१, पाल्पा

जितपुर शाखा, बारा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, धरेलु तथा साना उद्योग कार्यालय बारामा प्रा.फ.र.नं. ३०४०/०७०/७१ अनतर्गत मिति २०७०/११/१६ मा दर्ता कायम भएको **सिद्धि गणेश बस्त्रालय** फर्म दर्ता ठेगानाः जितपुर - ३, बारा स्थायी लेखा नं. ३०४००३६३७ मिति २०६७/०२/०४ **प्रोप्राइटर: विष्णु प्रसाद अधिकारी** **कर्जा शिर्षक: ओभरड्राफ्ट कर्जा**	**शान्ता अर्याल** ना.प्र.नं. ७६९०४, जारी मितिः २०५९/०२/०२ जि.प्र.का. नुवाकोट बाबुको नामः ठण्डपाणी अर्याल पतिको नामः विष्णु प्रसाद अधिकारी ससुराको नामः दिव्य मणि अधिकारी स्थायी ठेगानाः चारपरे - १, नुवाकोट हालको ठेगानाः जितपुरसिमरा न.पा. - ३, बारा	**विष्णु प्रसाद अधिकारी** ना.प्र.नं. ७१९, जारी मितिः २०५२/०८/०७ ई.प्र.शा. सिमरा, बारा बाबुको नामः दिव्य मणि अधिकारी बाजेको नामः टंक प्रसाद अधिकारी स्थायी ठेगानाः निजगढ - ७, बारा हालको ठेगानाः जितपुरसिमरा न.पा. - ३, बारा

गुर्भाकोट शाखा, सुर्खेत

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग किसान समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा प्रा.फ.र.नं. ५२०/०६५/६६ अनतर्गत मिति २०६५/०४/०५ मा दर्ता कायम भएको **प्रकाश स्टोर एण्ड जनरल अर्डर सप्लायर्स** फर्म दर्ता ठेगानाः वीरेन्द्रनगर न.पा. - ६, सुर्खेत स्थायी लेखा नं. २०२९४८५१ मिति २०६५/०४/०६ **प्रोप्राइटर: प्रकाश शाही** **कर्जा शिर्षक: ओभरड्राफ्ट, टिमाण्ड तथा सवरी साधन कर्जा**	**पुष्पा शाही** ना.प्र.नं. ६४-०१-७१-०५३१९, जारी मिति २०७१/०९/३०, जि.प्र.का. सुर्खेत बाबुको नामः लाल बहादुर शाही पतिको नामः प्रकाश शाही ससुराको नामः घिर्जे बहादुर शाही स्थायी ठेगानाः वीरेन्द्रनगर न.पा. - ६, सुर्खेत हालको ठेगानाः विराटनगर न.पा - १०, सुर्खेत	**प्रकाश शाही** ना.प्र.नं. ७१४०१ जारी मिति २०५२/०१/३०, जि.प्र.का. सुर्खेत बाबुको नामः घिर्जे बहादुर शाही बाजेको नामः मन बहादुर शाही स्थायी ठेगानाः वीरेन्द्रनगर न.पा. - ६, सुर्खेत हालको ठेगानाः विराटनगर न.पा - १०, सुर्खेत

नोटः ऋणी तथा जमानतकर्ता बोहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
लघुवित्त आइएमई बैंक लि
लघुवित्त नाफा बैंक

कर्पोरेट कार्यालयः कमलाबी, काठमाडौं
फोन नं.: ०१-५३२८६७/५३२९३४७
ग्लोबल कनेक्टः ०१-५९७०५००

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा बिक्रीमा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको ०-७-३-० नयाँघर बिशालनगरमा ०-६-०-० जग्गाबिक्रीमा: 9841420589

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार डिमी जाने मेनरोडमा ६ आना जग्गाः ९७६७२४२३५४

ठैब मुक्तिनाथ १०८ धारा मन्दिर नजिकै २१ फिट बाटोमा ६.५ आना १६ लाख मात्रः ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा कृपया दलालले काट नगर्नुहोला ९८०६६५८८००, ९८०३८२२२७२

होटल बिक्रीमा

स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ जग्गा सहित तुरुन्तै सुपथ मूल्यमा बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००

मोटरसाईकल हरायो

मिति २०८१०१।२६ गते अं. २३:०० बजेको समयमा का.जि.का.म.न.पा. ३१ थिनभानस्थित फिन्टफल होस्टल बाहिर भित्र गल्लीमा पार्किङ गरी राखेको निम्न बमोजिमको मोटरसाईकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनुहुन अनुरोध गर्दछु।
सवारी साधनको विवरणः
मोटरसाइकल नामः **KTM Duke 250CC**
मोटरसाइकल नं. लु. ३८ प ३२६३
मोटरसाइकल रंगः **सुनाभा**
च्यासिस नं.: **MD2JPEYE1HC040444**
इन्जिन नं.: **7-937-10186**
सवारीधनीको नामः **अजित अधिकारी**
फोन नं.: ९८५७०४३९८८

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८०।१।१० गते सातदोबाटो देखि ग्वार्कोसम्म जाँदा मेरो भिन्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नामः सुरुची कुमारी यादव
NEB र.नं. ७८३२५०११०८८६
सम्पर्क नं. ९८४४२९०३०

Gajuri Rural Municipality
Office of Rural Municipal Executive
Gajuri-1, Dhading

NOTICE OF APPROVAL OF TECHNICAL BIDS AND OPENING OF PRICE BIDS

Date of Publication: 28thJanuary, 2025 (2081/10/15)

Pursuant to Clause 31(E) of Public Procurement Regulation, 2064, this is to notify all the bidders who submitted their bids for the contracts mentioned below as per Invitation for Electronic Bids published in the Nagarik Daily on September 25, 2024, that the following bidders were found to be substantially responsive in the evaluation of technical bids and their price bids will be opened in the following venue, date and time.

Contract No.	Technically Substantially Responsive Bidders
GRM/W/NCB-01/2081/82 *Lapse-Sangkosh-Chiuribhanjyang-Bhadaure-Petare Road Upgrading* **Opening of Price Bids:** Date : February 4, 2025 Time : 12:00 pm Place : Gajuri Rural Municipality, Dhading	1. N.S.N. Construction Pvt. Ltd., Neelakantha-3, Dhading 2. Garibi Construction, Neelakantha-3, Dhading 3. S.S. Engineering Construction, Gajuri-1, Dhading
GRM/W/NCB-02/2081/82 *Banchhetar-Milantar Road Upgrading* **Opening of Price Bids:** Date : February 4, 2025 Time : 12:00 pm Place : Gajuri Rural Municipality, Dhading	1. N.S.N. Construction Pvt. Ltd., Neelakantha-3, Dhading 2. Garibi Construction, Neelakantha-3, Dhading

Chief Administrative Officer

CamScanner